म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३३७ २०८१ कार्तिक २९ गते बिहीबार 14 November 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-




## मुख्यमन्त्रीको सय दिनको उपलब्धी सार्वजनिक

# ७ वटा बैठकमा ३४ निर्णय


*आफ्नो पहिलो सय दिनको कार्यकालको प्रगति विवरण सार्वजनिक गर्नुहुँदै मुख्यमन्त्री लामा ।*

समाज संवाददाता

हेटौँडाः वागमती प्रदेश सरकारका मूख्यमन्त्री बहादुरसिंह लामाले आफ्नो सय दिने कार्यकालको उपलब्धि सार्वजनिक गर्नुभएको छ। मूख्यमन्त्री लामाले बुधबार आफ्नो कार्यकक्षमा पत्रकार सम्मेलन गरेर सय दिनमा सम्पन्न गरिएका मूख्य उपलब्धीहरु सार्वजनिक गर्नुभएको हो । नेपाली काँग्रेस र एमालेको गठबन्धनबाट गत साउन ९ गते बहादुरसिंह लामाको नेतृत्वमा सरकार गठन भएको बुधबार १ सय ११ दिन पूरा भएको छ ।

मूख्यमन्त्री लामाले आफ्नो नेतृत्वको सरकारले सय दिनको अवधीमा निकै महत्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभएको छ । उहाँले सय दिनमा सरकारले ७ वटा बैठक बसी ३४ वटा निर्णयहरु गरेको जसअन्तर्गत ३ वटा ऐन र ७ वटा सुचनाहरु जारी भएको बताउनुभयो । त्यसैगरी सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको दीर्घकालीन सोचसहित दोश्रो आवधिक योजना कार्यान्वयनमा ल्याइएको, मन्त्रालय तथा निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मूख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन करार सम्झौता गरी प्रगति समीक्षा कार्यको थालनी गरिएको, प्रदेशका सबै जिल्लाहरुबाट सार्वजनिक सेवा प्रवाहको कार्यलाई निरन्तरता प्रदान गरिएको, सेवा प्रवाहमा नागरिकको सरल पहुँच स्थापित गर्न विषयगत कार्यालय स्थापनामा जोड दिइएको, महिला, दलित, आदिवासी, जनजाति अपांगता भएका लगायतको हकहित प्रवर्द्धन तथा जीवनस्तर सुधारका महत्वपूर्ण कार्य गरेको मूख्यमन्त्री लामाले बताउनुभयो ।

यस्तै प्राकृतिक विपद्को समयमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि द्रुत प्रतिकार्य टोलीको गठन गरिएको र दशैंको पूर्वसन्ध्यामा हेटौंडादेखि काठमाडौ जोड्ने मूख्य ३ वटा प्रादेशिक सडक र प्रदेशका विभिन्न जिल्लाका सडकहरु सुचारु गरिएको, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम तथा गोष्ठी संचालन गरिएको लगायतका कार्यहरु आफ्नो सयदिने कार्यकालको महत्वपूर्ण उपलब्धि भएको मूख्यमन्त्री लामाले बताउनुभयो ।

# माध्यमिक तहका प्रधानाध्यापकको २३ बुँदे प्रतिवद्धता




समाज संवाददाता

हेटौँडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जिल्लाका माध्यमिक तह सञ्चालन भएका विद्यालयका प्रधानाध्यापकहरुसँग शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रियाको आयोजना गरेको छ। बुधबार जिल्ला समन्वय समिति मकवानपुरको सभाकक्षमा भएको अन्तरक्रियामा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकको सहभागिता रहेको थियो ।

अन्तरक्रियापछि समन्वय इकाईले तयार पारेको शैक्षिक सुधारका लागि २३ बुँदे प्रतिवद्धता जारी गरिएका छ। २३ बुँदे प्रतिवद्धताको प्रस्तावित सूचि समन्वय इकाई प्रमुख सुदीप गिरीले प्रस्तुत गर्नुभएको थियो । अन्तरक्रियामा २ वटा सामुदायिक विद्यालय र एउटा संस्थागत विद्यालयका प्रधानाध्यापकले आफ्ना राम्रा अभ्यासहरु बारे जानकारी गराएका थिए । "शैक्षिक सुधारका लागि मकवानपुर प्रतिवद्धता-२०८१" पारित गरिएको बताइएको छ ।

अन्तरक्रियामा विद्यालयको सकारात्मक परिवर्तन र सुधारका लागि प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुने उल्लेख गरिएको थियो। अन्तरक्रियाको दोस्रो सत्रमा संस्थागत विद्यालयतर्फ हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका प्रिन्पील विनोद सुवेदी, बालज्योति माविका प्रधानाध्यापक भरत अर्याल र हेटौँडा-९ स्थित प्रगति माविका सहायक प्रधानाध्यापक किशोर पराजुलीले आआफ्नो विद्यालयको विषयमा प्रस्तुती गर्नु भएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, वागमती प्रदेश शिक्षा विकास निर्देशनालयका निर्देशक दिपेन्द्र सुवेदी, मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी धोलकराज ढकाल, शिक्षक महासङ्घ मकवानपुरका अध्यक्ष जिधराज ढकाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीको पनि उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री लामाको सय दिनः प्रतिपक्षी असन्तुष्ट

समाज संवाददाता

हेटौँडाः वागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारको सय दिने कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै मूख्यमन्त्री बहादुरसिंह लामालाई ज्ञापनपत्र बुझाएको छ । हेटौँडास्थित कार्यालयमा बुधबार मूख्यमन्त्री कार्यालय, पूर्व मुख्यमन्त्री तथा वागमती प्रदेशसभा सदस्य शालिकराम जम्मकट्टेल, प्रेमबहादुर पुलामी छिन्तु, कुमारी घिसिङ लगायतका प्रदेश सभा सदस्यहरुले विभिन्न ८ बुँदे माग राखी ज्ञापनपत्र बुझाएका हुन् ।

बागमती प्रदेश सरकार जनताको भावना विपरित स्वेच्छाचारी ढंगले चलेको उहाँले आरोप लगाउनुभयो । सरकारको सय दिन अर्थात आर्थिक वर्षको पहिलो त्रैमासिक प्रगति ६.५ प्रतिशत मात्रै हुनुले सरकार आफ्नो काममा केन्द्रित नभएको माओवादीको ठम्याई छ । उसले सरकारलाई नबरालिन र आफ्नो कर्तव्यमा केन्द्रित भई प्रदेश र प्रदेशवासीको हितमा काम गर्न गम्भीर ध्यानाकर्षण पनि गराएको छ । माओवादीले वर्तमान गठबन्धनको सरकारको कामप्रति जनता चरम निराशामा परेको उल्लेख गर्दै युवापंक्ती दिनानुदिन विदेशिने दर बढिरहेको भन्दै चिन्ता पनि व्यक्त गरेको छ ।

माओवादीले गत असोज ११ र १२ गते आएको वर्षा र बाढिपहिरोबाट प्रदेशमा धेरै धनजनको क्षति भएको र उद्दार, राहत र पूनर्निर्माणका सवालमा भएको सर्वदलीय सहमति कार्यान्वयन नभएकोले उक्त निर्णयको कार्यान्वयन, योजनाबद्ध विकास निर्माण, सेवा प्रवाह, सहकारी समस्या लगायतका महत्वपूर्ण मागहरु समावेश गरी सरकारलाई ज्ञापनपत्र बुझाएको उल्लेख गरेको छ ।






## सम्पादकीय

# बेपरवाह प्रदेश सरकार

बहादुर सिंह लामा नेतृत्वको बागमती प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले साविक १३ मन्त्रालयमा एक मन्त्रालय थप गरेको १४ वटा पुऱ्याउने निर्णय गरेको छ । बिना विभागीय मन्त्रीलाई जिम्मेवारी दिन मन्त्रालय थप गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकले मन्त्रालयको संख्या थप गरी मन्त्रिपरिषद्को कार्यविभाजन स्विकृत गरेको छ । सहकारी तथा गरिबी निवारण मन्त्रालय खडा गर्ने निर्णय गरेको छ । बहादुर सिंह लामा नेतृत्वको बागमती प्रदेश सरकारमा ११० दिनदेखि एक जना बिना विभागीय मन्त्री रहनुभएको थियो । साउन ९ गते मुख्यमन्त्री लामाले नियुक्त गर्नुभएका एक मन्त्रीले जिम्मेवारी पाउन सकेको थिएन । मन्त्रालय थप गर्ने निर्णय भएसँगै कांग्रेसका मदुकुमार श्रेष्ठले विभागीय जिम्मेवारी पाउनु हुने भएको छ ।

यस्तै मंगलबारकै मन्त्रीपरिषद् बैठकले बागमती प्रदेशमा सचिव अभाव भएपछि अधिकृतलाई निमित्त सचिवको जिम्मेवारी दिने निर्णय गरेको छ । प्रदेशमा सचिवको रिक्त रहेका पदमा राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरुलाई निमित जिम्मेवारीमा खटाउने निर्णय गरेको हो । बागमती प्रदेशमा ७ जना सचिवको पद रिक्त रहेको छ । प्रदेशमा सचिव अभाव हुँदा मन्त्रिपरिषद् बैठक बस्न नै कठिन भएको बताइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा दरवन्दी अनुसार ३ जना सचिवको पद रिक्त भएपछि बैठकले बहालवाला एक सचिवलाई दोहोरो जिम्मेवारी दिइएको छ ।

यी दुई निर्णय आपसमा विरोधाभाषपूर्ण छ । एकातिर मन्त्रालयभन्दा मन्त्रीको संख्या धेरै भएर समस्या छ भने कर्मचारी प्रशासनमा सचिवको अभावमा अधिकृतलाई निमित्तको जिम्मेवारी दिनुपर्ने अवस्था छ । राजनीतिक दल र नेताहरुको कमजोरी आम नागरिकले सास्ती व्यहोर्न बाध्य छन् । यि त देखिने विषय भए । स्पष्ट सतहमा नदेखिने अझ जटिल मुद्दाहरु प्रसस्त छन् । विधि र प्रक्रियामा ध्यान दिएर इमानदार भएर सघन रुपमा काम गर्दा र हुने कमिकमजोरीबाट त आम समुदायमा वृहत असर परिरहको हुन्छ भने आज त बेथिति र बेइमानी स्पष्ट र छर्लङ्ग छ । जनशक्तिको व्यवस्थापन गर्न राजनीतिक नेतृत्व र सामाजिक व्यक्तित्वले ध्यान दिनु आवयक छ ।

प्रदेश सरकारले आवश्यक काम गर्न नसकिरहँदा पनि विरोध, प्रदर्शनीहरु नहुनु, विरोध गर्न नखोज्नु अर्को जटिल अवस्था छ । युवा पुस्ताको पलायन चरमोत्कर्षमा पुगेको बेला प्रदेश सरकारको चाला देख्दा कति हाँस्नु भने जस्तै छ । प्रदेश सरकारले आफ्नो जिम्मेवारी पूरा गर्दै नागरिकमाथि विश्वास बढाउनुपर्ने आवश्यक विपरित बेपरवाह गरिरहेका क्रियाकलाप निर्णयले कालान्तरमा वर्तमान नेतृत्वलाई जनताले टाटा-वाईवाई गर्नेछ । देखादेखी जथाभावी काम गर्नु, यस्ता कामको खुलेर आलोचना समेत पनि नहुनुले गलत प्रवृत्तिलाई प्रश्रय दिइरहेको छ । प्रदेश संरचनाकै ठूलो विवाद भइरहँदा यस्ता क्रियाकलाप प्रदेशलाई अझ कमजोर र असफल बनाउने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चितलाङ इलाका ६२१०००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बुद्धिकौशल र बाहुबलको प्रयोग गर्नुपर्ला । |
| वृष | : भाग्योदयमा वृद्धि हुने समय योग रहेको छ । |
| मिथुन | : अध्ययन-अध्यापनका काममा मन जाने योग छ । |
| कर्कट | : धार्मिक एवम् सामाजिक दायित्व बढ्ने समय छ । |
| सिंह | : सहयोगीहरु प्रतिस्पर्धामा आउने समय योग छ । |
| कन्या | : ज्ञानमूलक क्रियाकलापमा सरिक भइने समय छ । |
| तुला | : धैर्यले काम लिंदा राम्रो रहने समय छ । |
| वृश्चिक | : धार्मिक एवम् सामाजिक काममा सरिक भइने समय छ । |
| धनु | : कारोबारमा सावधानी अपनाउँदा राम्रो रहने छ । |
| मकर | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| कुम्भ | : सामाजिक काममा सरिक भइने समय छ । |
| मीन | : आहार-बिहारको अनुशासन पालन गर्दा राम्रो । |

# अमेरिकी चुनावः मतदाताको मनोविज्ञान र विश्व प्रणालीमा प्रभाव



✍ रमेश घिमिरे

नोभेम्बर ५, २०२४ मा सम्पन्न अमेरिकी आम चुनावबाट डोनाल्ड ट्रम्प ४७ औं राष्ट्रपतिमा चुनिएका छन् । पहिलो पटक राष्ट्रपति बन्दा ट्रम्पले इलेक्ट्रोरल मत मात्र जितेका थिए भने अहिले पपुलर पनि जितेका छन् । अमेरिकामा ५ सय ३८ इलेक्ट्रोरलमा २ सय ७० इलेक्ट्रोरल प्राप्त गरेपछि जित हुन्छ । यो लेख तयार गर्दासम्म मतपत्रको गणना सकिएको छैन । यतिखेरसम्म ट्रम्पले २ सय ९५ इलेक्ट्रोरल मत पाइसकेका छन् । त्यस्तै, उनले पपुलर मत ५०.९ प्रतिशत प्राप्त गरिसकेका छन् । प्रतिस्पर्धी कमला ह्यारिसले इलेक्ट्रोरल २ सय २६ र पपुलर ४७.६ प्रतिशत मत प्राप्त गरेकी छन् ।

ट्रम्पका बारेमा विद्वत् वर्गले यसरी बुझ्छ, ट्रम्प सन्की स्वभावका छन् । उनी अप्रमाणित कुरा पनि ठोकुवा गरेर भन्छन् । कुनै पनि नीति वा घटनाको सम्भावित प्रभावको पूर्व वैज्ञानिक मूल्यांकनविना मनोगत आधारमा बोल्छन् । आप्रवासी र मित्रराष्ट्रप्रति कम उदार छन् । तर, उनलाई केही निकै बुद्धिमान व्यक्तिको पनि समर्थन रहन्छ । ती विद्वान् र उनीबीच के कुरामा समानता छ भन्ने बुझिदैन । अहिले उनका उपराष्ट्रपति जे.डी. भान्स पनि विद्वत् व्यक्ति मानिन्छन् ।

अमेरिकी चुनावको नतिजा विश्लेषकहरुले पूर्वानुमान गरेमुताबिक नै आएको छ । कमला ह्यारिस ट्रम्पको तुलनामा बौद्धिक, तार्किक र प्रक्रिया तथा प्रणालीमा विश्वास गर्ने व्यक्ति हुन् । पढेलेखेका मानिसको बहुमत ह्यारिस र कम शिक्षित मानिसको बहुमत ट्रम्पलाई जान्छ भन्ने पूर्वानुमान थियो । अति राष्ट्रवादी अमेरिकी, तुलनात्मक गरिब, साना किसान, ग्रामीण र पिछडिएको क्षेत्रबाट ट्रम्पलाई बढी मत प्राप्त भएको छ । विश्वविद्यालयको डिग्री प्राप्त मतदाताको बहुमत ह्यारिसलाई देखियो ।

ट्रम्पका घोषित एजेन्डा लचिलो आप्रवासन नीतिलाई कठोर बनाउने, कर प्रणाली संशोधन गरेर करको भार कम गर्ने, पर्यावरण संरक्षणमा दिइएको अधिक प्राथमिकतालाई कटौती गर्नेलगायत थिए । अमेरिकामा अवैध कामदार नरहने, विदेशी आप्रवासीलाई दिने सुविधा कटौती गर्ने, अन्तर्राष्ट्रिय सीमामा बार लगाउने, आयकरको दर घटाउने, वातावरण संरक्षणका नाममा हुने बौद्धिक प्रोजेक्टको लगानी घटाइने कुरामा उनको जोड थियो ।

आप्रवासीको संख्या र दबदबा बढिरहेका बेला ट्रम्पको राष्ट्रवादी भाषणले रैथानेवासीको इमोसनल समर्थन पाउने नै भयो । मेहनत गरेर आम्दानी गर्नेबाट बढी कर लिएर वैध/अवैध आप्रवासीलाई सुविधा दिने नीति परिवर्तन गर्ने कुरामा करदाताको समर्थन जुट्ने नै भयो । आफ्ना नागरिकलाई चाहिने सुविधा छैन, जलवायु परिवर्तनजस्ता अमूर्त विषयमा बौद्धिक विलास गर्नेलाई दिने पैसा कटौती गर्ने कुरा पनि गरिबलाई मन पर्ने नै भयो ।

अमेरिकामा पूर्ण वैधानिकता प्राप्त नगरेका विदेशी कामदारले गर्दा ग्रामीण अर्थतन्त्र र साना तथा घरेलु उद्योग व्यवसाय टिकेका छन् । सस्तो र अन-डकुमेन्टेड कामदारलाई नगदमा काम लगाएर कृषि तथा सानातिना व्यापार गर्ने अमेरिकी धेरै छन् । आप्रवासन नीतिमा कडाइ गर्नासाथ त्यो वर्गलाई तत्काल गम्भीर समस्या पर्छ । तर, त्यही वर्गको समर्थनमा ट्रम्पले सहज चुनाव जिते ।

सबै काममा अमेरिकीलाई प्राथमिकता दिने र अमेरिकीले गर्न नसक्ने र नभ्याउने कामका लागि पूर्ण वैध रूपले विदेशी कामदार ल्याउने, आवश्यक संख्यामा आवश्यक ज्ञान, क्षमता र सीप भएका विदेशी मात्र भित्र्याउने ट्रम्पको भाषण सुन्दा कर्णप्रिय लाग्छ । प्रणालीलाई पूर्णतः औपचारिक र वैधानिक बनाउन सके राम्रो हो, तर विश्वभर प्रायः सबै लोकतान्त्रिक मुलुकले आप्रवासन नीति लचिलो लिने गरेका छन् । अवैध कामदारका कारण गम्भीर समस्या नआउँदासम्म अनदेखा गर्ने गरिएको छ ।

केही मुस्लिम देशमा आप्रवासन नीतिलाई कडाइका साथ लागू गरिएको छ । अमेरिकाको विशेषता नै आप्रवासन हो । मुस्लिम देश, कम्युनिस्ट देश वा अधिनायकवाद लागू भएका देशमा जस्तो निश्चित प्रणालीमा राज्य सञ्चालन गर्न अमेरिकामा पक्कै पनि कठिनाइ छ । पुराना कानुन, मानव अधिकार, अन्तर्राष्ट्रिय प्रतिबद्धता, चलिआएको राज्य प्रणाली आदि कारणले अमेरिकामा ट्रम्पले सोचेजस्तो आमूल परिवर्तन आउन सक्दैन ।

सन् २०१६ मा ट्रम्प पहिलो पटक राष्ट्रपति बन्दा पनि उनका नीति यही नै थिए, तर व्यवहारमा अमेरिकी प्रणालीमा तात्विक भिन्नता आएन । हुन त पहिलेभन्दा अहिले राजनीतिक समीकरण फरक भएको छ । अहिलेसम्मको मतगणनाले सिनेटमा ट्रम्पको दल रिपब्लिकको बहुमत भएको छ । अमेरिकामा न्यायाधीश राष्ट्रपति नै नियुक्त गर्ने हो । न्यायाधीशको उमेर हद हुँदैन । पहिलो राष्ट्रपति कार्यकालमा ट्रम्पले युवा उमेरका न्यायाधीश नियुक्त गरेका थिए । निजामती सेवाको उपल्लो २ हजार पदसहित कुल १० हजार सरकारी पदमा नियुक्तिको अधिकार राष्ट्रपतिलाई छ ।

अमेरिकी प्रणालीमा राष्ट्रपतिले संसद्को समर्थन पाउने अवस्था भएमा आमूल परिवर्तन गर्न सक्ने गरी राजनीतिक र कानुनी प्रबन्ध गरिएको पाइन्छ । तथापि, नीति निर्माण गर्दैमा धरातलीय यथार्थ तुरुन्तै बदलिन सक्दैन । अमेरिका विश्वकै ठूलो अर्थतन्त्र र बलियो सैन्यशक्ति देश हो । विश्व प्रणालीमा यसको उल्लेख्य प्रभाव रहेको छ । यसर्थ, राष्ट्रपतिको नीति यात्राले विश्वलाई असर पार्न सक्ने सम्भावना रहन्छ ।

ट्रम्पले गरिबको मतले चुनाव त जिते, तर उनलाई सहयोग गर्ने व्यक्ति भने विश्वका धनाढ्य थिए । एलन मस्क, एडिन रोस र जोय रोगनले उनलाई सहयोग गरेका थिए । मस्कले ट्रम्पका पक्षमा सार्वजनिक घोषणा गर्नेमध्ये दैनिक एक जनालाई १ मिलियन डलर चिट्ठा दिन्थे । उनले यस्तो प्रचारबाजी २० दिनजति चलाए ।

उता कमला ह्यारिसले बाइडेन प्रशासनका जलवायु अनुदान तथा हरित परियोजनाहरूको निरन्तरताको वाचा गरेकी थिइन् । यसबीचमा बाइडेन प्रशासनबाट जलवायु र स्वच्छ ऊर्जासम्बन्धी साना-ठूला परियोजनालाई व्यापक अनुदान दिइयो । चुनावको मुखमा ठूलो रकम रिलिज गरिएको थियो ।

ट्रम्पले निजी पैसा र ह्यारिसले सरकारी पैसा बाँडेर मत प्रभावित पार्न खोजे भन्ने आरोप लगाइन्छ । नेपालजस्ता सानो अर्थतन्त्र भएको अति कम विकसित देशमा पैसा बाँडेर मत किनेको आरोप सामान्य हो । चुनाव जित्न साम, दाम, दण्ड, भेद प्रयोग गर्ने नीति विश्वभर नै अवलम्बन गरिन्छ । तर, यसमा आरोप-प्रत्यारोपका कुरा धेरै हुन्छन् भने पुष्टि हुने कुरा खासै हुँदैनन् ।

अमेरिकी चुनावको कारण डिजिटल मिडिया सञ्चालकहरूलाई भने निकै फाइदा हुन्छ । यस पटकको चुनावमा प्रचार-प्रसारमा १० अर्ब डलरबराबर खर्च भएको अनुमान छ । यसअघिको चुनावको तुलनामा यो कम हो । अमेरिकामा नेपालमा जस्तो मुद्रास्फीति नरहेको हुँदा पहिलेको १० अर्ब र अहिलेको १० अर्ब उस्तै हुन्छ । प्रचार प्रविधिहरूमा भएको विकास र मूल्य ह्रासका कारण खर्च रकम घटेको हो ।

अमेरिकामा नेपालमा जस्तो निर्वाचन आयोगले चुनावी खर्चको सीमा तोकिदिएको छैन । उम्मेदवार र दललाई व्यक्तिगत सहयोगको सीमा भए पनि संस्थागत सहयोगको सीमा छैन । त्यसैले उम्मेदवारहरूले व्यापक चन्दा संकलन गरेर चाहेअनुसार खर्च गर्छन् । सोफै मत किन्न त पाइँदैन । खर्चको सीमा, अनुशासन र नैतिकतालाई कानुनले नियन्त्रण गर्न सकिने कुरा पनि होइन । त्यस्तै, नेपालमा चुनावी आचारसंहिता लागू भएपछि सरकारले वितरणमुखी कार्यक्रम स्थगन गर्नुपर्छ । तर, अमेरिकामा चालू रहेको पाइन्छ ।

चुनावमा प्रभाव पार्न पहिलेजस्तो प्रत्यक्ष डर, धम्की, प्रलोभन, बुथ क्याप्चर, मतदान स्थलमा जानबाट छेकबारजस्ता विधि अहिले अपनाइँदैनन् । यसको अर्थ चुनाव स्वच्छ हुन्छ भन्ने होइन । अहिले ती विधि सम्भव र प्रभावकारी दुवै छैनन् । सबै मान्छे बुद्धिमान भइसके, कसैलाई भ्रममा पार्न सकिँदैन भन्ने पनि होइन । भ्रममा पार्ने तरिकामा भिन्नता आएको हो । अहिले सूचना प्रविधि र कृत्रिम बौद्धिकताको चतुर प्रयोगबाट इन्फर्मेसन र मिस-इन्फर्मेसनमार्फत मानिसहरूमा डर, धम्की, प्रलोभन, आशा, अपेक्षा, भ्रम सबै सिर्जना गर्न सकिन्छ ।

नेपालमा उम्मेदवारका एजेन्डा बाटो पिच, पुल निर्माण, अस्पताल निर्माण, व्यक्तिगत रोजगारी आदि हुन्छन् । सांसदको काम कानुन बनाउने हो तर कुनै पनि सांसदको एजेन्डा कानुनी सुधार हुँदैन । उता अमेरिकामा नीतिगत विषय र त्यसमा पनि सबैभन्दा बढी कर प्रणाली चुनावी एजेन्डा हुन्छ । नेपालमा कर बढाउने वा घटाउने भन्ने कसैको पनि एजेन्डा हुँदैन ।

आममानिसले नीतिमा चासो राख्दैनन् । चुनावमा मुख्य प्रभाव भनेको उम्मेदवारको बोलीले पार्छ । के र कसरी बोल्दा मतदातालाई आकर्षित गर्न सकिन्छ भन्ने कुरामा व्यापक रिसर्च गरिन्छ । देशको समस्या कसरी समाधान गर्ने भन्नेमा रिसर्च गर्नेभन्दा पनि चुनावी रणनीति कसरी सफल हुन्छ भनेर रिसर्च गर्नेले जित्ने सम्भावना रहन्छ ।

लोकतान्त्रिक पद्धतिमा उत्कृष्टले चुनाव जित्ने होइन, उत्कृष्टले जित्न सक्ने सम्भावना हुने मात्र हो । एकदमै खराबलाई नेतृत्वमा जानबाट पनि यो प्रणालीले रोक्छ, किनकि आम मतदाताबाट चुनिनुपर्छ । सामान्यतया औसत व्यक्तिले नै चुनाव जित्ने हो । कहिलेकाहीं कुनै चमत्कारिक उत्कृष्ट व्यक्तिले यस्तो अवसर प्राप्त गऱ्यो भने देशले काँचुली फेर्न सक्छ । कहिलेकाही सामान्य व्यक्ति नै हुँदा पनि दैवसंयोगले राम्रो विकास हुन सक्छ । अमेरिका पहिले नै विकासको चरम बिन्दुमा पुगिसकेको छ । नेपालजस्तो नेतृत्वबाट असीमित आशा, अपेक्षा गर्नुपर्ने आवश्यकता त्यहाँ छैन । (स्रोतः कारोबारदैनिक)

# गाउँ र सहरबिचको खाडल कसरी पुर्ने ?



✍ आरपी गैरे

प्राकृतिक सौन्दर्य र विविध सांस्कृतिक धरोहरका लागि प्रसिद्ध छ हाम्रो देश । यद्यपि यतिखेर गाउँका युवाहरुले विदेश र सहरबजारतिर अवसर र भविष्य खोज्दा गाउँको जनसंख्या घट्दो छ । गाउँहरुबाट युवाहरूको पलायनले गर्दा उर्वर भूमिहरू बाँझिन थालेका छन् ।

पहिले धान, गहुँ र कोदो बालीमा चल्ने हावाले समृद्धिको कथा सुनाउँथ्यो, तर ती कतिपय ठाउँ उराठलाग्दा देखिन्छन् । कतिपय स्थानमा बाँदरले रजाइँ गरिरहेका छन् ।

यता सहरहरूमा छोराछोरी पढाउन वा कुनै काम-पेसा गर्न मानिसहरुको चाप बढ्न थालेको देखिन्छ । सहरहरूमा जनसंख्या अत्यधिक बढिरहेको छ, जसले गर्दा अति भीडभाड र धेरै समस्या उत्पन्न भएका छन् । खासगरी डेरा भाडा अकासिएको छ । मानिसहरु सोच्लान् कि गाउँको दुःखबाट उम्किऔं, तर सहरमा तिनको कमाइ पूरै भाडा तिर्नमै सकिन्छ । तर यी सबै समस्याका बावजुद मानिसहरु अझै पनि सहरतिर दौडिरहेका छन्– राम्रो अवसर, शिक्षा र सुविधा खोज्दै ।

गाउँहरू भने यी सुविधाहरूको कमीले ग्रस्त छन् । कतिपय गाउँमा कोही दुर्घटनामा परे वा गम्भीर बिरामी भए समयमै उपचार पाउने सम्भावना ज्यादै कम हुन्छ । रोजगारी, स्वरोजगारी र अन्य सेवा-सुविधाको अभावका कारण मानिसहरु गाउँमा बस्न चाहँदैनन् । जति युवाहरु गाउँघरमा बसिरहेका छन्, उनीहरुका लागि सरकारले रोजगार तथा स्वरोजगारका कार्यक्रम ल्याउन सकेको छैन । ग्रामीण अर्थतन्त्रको आधार कृषिको प्रवर्द्धन गर्न सकिएको छैन । कतिपय गाउँमा आधुनिक कृषि प्रविधि पुगेको छैन अर्थात् गाउँगाउँमा सरकारको उपस्थिति खासै देखिँदैन ।

भ्रष्टाचारले स्थिति झन् जटिल बनाएको छ । संघदेखि स्थानीय सरकारको बजेटको सदुपयोग भएको देखिँदैन । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत कुरामा सरकारले गाउँगाउँमा प्रभावकारी ढंगले कार्य गरेको देखिँदैन । सामुदायिक विद्यालयमा त्यति विद्यार्थी देखिँदैनन् । गाउँघरमा पहिलेजस्तो सांस्कृतिक तामझाम पनि देखिँदैन ।

गाउँको जनसंख्या घट्दै गर्दा यता सहरतिर सम्पत्तिको मूल्य अकासिएको छ । कतिपय मानिस गाउँका पुर्ख्यौली सम्पत्ति बेचेर सहर-बजार चाप्दै छन् । सहरमा गएपछि नयाँ समस्यामा अल्झिनुपर्छ, हाम्रा धेरै सहरमा वायुको गुणस्तर खस्केको छ । धुलोधुवाँ एकातिर छ, अर्कोतिर इन्धनको प्रयोगले वातावरणमा असर गरिरहेको छ । यसले पनि मानिसको स्वास्थ्यमा असर गरिरहेको छ ।

अर्कोतिर, फास्ट फुड, बजारिया पेय पदार्थ लगायतले मानिसको स्वास्थ्यमा असर गरिरहेको छ । सहरमा स्वस्थकर र अस्वस्थकर खानेकुराको छनोट भन्नु 'खराब' र 'अझै खराब' बिचको निर्णयजस्तै हुन्छ ।

यी सबैको समाधानका लागि पहिलो कदम भनेको सरकारको इमानदार पहल नै हो, जसले ग्रामीण विकासलाई प्राथमिकता दिन्छ र गाउँ र सहरको सुविधाबिचको खाडललाई पुर्छ । यसका लागि स्वास्थ्य, शिक्षा र आधुनिक कृषिमा जोड दिइनुपर्छ । युवाहरुलाई गाउँ फर्कन वा गाउँमै रहन

...बाँकी पृष्ठ ३ मा

# महिला क्रिकेट टोली पहिलो पटक विश्वकपमा

काठमाडौंः आयोजक यूएईलाई स्तब्ध पार्दै नेपाल पहिलो पटक यू-१९ महिला टी-२० विश्वकपमा छनोट भएको छ । नेपालको सिनियर पुरुष टोलीले दुई पटक टी-२० विश्वकप र यू-१९ टिमले ८ पटक विश्वकप खेलिसकेपनि महिला क्रिकेटमा नेपालको कुनै टोली विश्वकपमा पुग्न सकेको थिएन । सिनियर महिला टोली प्रारम्भिक छनोटबाट अघि बढ्न नसके पनि यू-१९ महिला टोली यसपटक विश्वकपमा छनोट हुन सफल भयो ।

नेपाल यू-१९ विश्वकपमा पुग्ने लक्ष्यका साथ यूएईमा हुने छनोट खेल खेल्न गएको थियो । कुवेत, नेपाल, थाइल्याण्ड र यूएई गरी चार टोली सहभागी एसिया छनोटबाट एक टोली मात्र विश्वकपमा पुग्न सक्थे । डबल राउण्ड रोबिनमा भएको छनोटमा अरु टोलीलाई हराएको नेपाल यूएईसँग १३ रनले पराजित भएको थियो । विश्वकपमा स्थान बनाउन नेपालले दोस्रो खेलमा घरेलु टोली यूईएलाई हराएर मात्र पुग्दैनथ्यो, नेट रन रेटमा जित्नुपर्ने भयो ।

बुधबार भएको यूएईविरुद्धको दोस्रो खेलमा नेपालले पहिले ब्याटिङ गरेमा १४० रन बनाउँदा २१ वा सोभन्दा बढी रनअन्तरले जित्नुपर्ने थियो भने लक्ष्य पछ्याउँदा १६.१ ओभरमा पूरा गर्नुपर्ने समीकरण थियो । यूएईले टस जितेर पहिले ब्याटिङ रोजेपछि नेपालले जतिसक्दो कम स्कोरमा रोक्नुपर्ने थियो । बलरहरुको राम्रो प्रदर्शनमा यूएईलाई ८३ रनमै रोक्न सफल हुँदा नेपालले ९ विकेट पनि लियो ।

दुबईस्थित दी सेभेन्स स्टेडियममा टस जितेर घरेलु टोली यूएईले पहिले ब्याटिङ गर्ने निर्णय गऱ्यो । यूएईको त्यो निर्णयलाई नेपालले सुरुवातदेखि नै विकेट लिँदै गलत बनाएको थियो । कृष्मा गुरुङको ४, अनि रिया शर्मा र सीमा केसीको २-२ विकेट मद्दतमा नेपालले यूएईलाई २० ओभरमा ८३-९ रनमै रोक्न सफल भयो यूएईका लागि कप्तान समाइरा धर्निधार्काले सर्वाधिक ३१ रन बनाइन् भने रिनिथा रजिथले २० रन जोडिन् ।

लावान्या केनी र इन्धुजा नन्दकुमारले समान १० रन जोडे । कृषामा गुरुङले १८ औं ओभरमा इन्धुजासहित ३ खेलाडीलाई आउट गरेपछि नेपालले स्कोर गति रोकेको थियो । नेपालका लागि कृष्माले ४ ओभरमा १ मेडन राख्दै १७ रन खर्चेर ४ विकेट लिइन् । रियाले ४ ओभरमा १२ र सिमानाले १८ रन खर्चेर समान २ विकेट लिए । ८४ रनको लक्ष्य पछ्याउने क्रममा नेपालले आक्रमक सुरुवात गर्दै पहिलो ओभरमै १० रन जोड्यो । त्यसलाई कायम राख्दै नेपालले १६ ओभरमै जित हात पाऱ्यो ।

आक्रामक सुरुवात गरेकी विकेटकिपर सावित्री धामी तेस्रो ओभरको चौथो बलमा १२ रन बनाएर आउट भइन् । ९ बलको सामना गरेकी उनले एक चौका प्रहार गरेकी थिइन् । त्यसपछि कप्तान पूजा महतोले ओपनर साना प्रविनसँग ३० रनको महत्वपूर्ण साझेदारी गरिन् । पूजा १८ बलमा ४ चौका मदतमा २१ रन बनाएर सातौं ओभरको अन्तिम बलमा आउट हुँदा नेपाल ४८-२ को स्थितिमा थियो । त्यहाँबाट साना प्रविन र उपकप्तान सोनी पाखिनले इनिङ्स अघि बढाए । यही जोडीले तेस्रो विकेटका लागि अविजित ३८ रनको साझेदारी गर्दै नेपाललाई विश्वकपमा पुऱ्याए । सानाले अन्तिमसम्म क्रिजमा रहँदै ४२ बल खेलेर अविजित ३५ रन बनाइन् । ४२ बल खेलेकी उनले १ चौका पनि प्रहार गरिन् । सोनीले १९ बल खेलेर अविजित १३ रन योगदान गरिन् । *स्रोतः अनलाइनखबर ।*

## गाउँ र सहरबिचको ...

प्रेरित गर्न उनीहरुलाई परम्परागत खेतीपातीभन्दा बाहिर रोजगारका सम्भावना चाहिन्छ ।

समस्याहरूको समाधान भनेको गाउँ र सहरबिचको खाडल वा भिन्नतालाई कम गर्ने र दुवैतर्फ समग्र सुधार ल्याउने हो ।

भ्रष्टाचारलाई रोक्नु पनि अति आवश्यक छ । कडा निरीक्षण र पारदर्शी प्रणालीले जनताको विश्वास फर्काउन सक्छ र विनियोजित स्रोतहरू सही ठाउँमा पुग्न सुनिश्चित गर्न सक्छ । विकासमा समर्पित, व्यक्तिगत लाभभन्दा माथि उभिने स्थानीय नेताहरूको छनोटमा सबैले ध्यान दिनुपर्छ ।

उद्योग र उद्यमशीलतालाई गाउँ क्षेत्रमा स्थापनाका लागि प्रोत्साहन गर्न सरकारले कर छुट दिने, पूर्वाधारको विकास गर्ने र बिनाब्याजमा ऋण दिन सक्छ । यस्तै, स्थानीय उत्पादनको बजारका लागि सरकारले पहल गर्नुपर्छ ।

गाउँमा सबै सुविधा भयो र रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना भए भने मानिसले गाउँ छाड्दैनन् । त्यसैले सरकारले स्थानीय उत्पादनको वृद्धिमा र पूर्वाधार विकासमा जोड दिनैपर्छ। अर्कोतिर सरकारले सहरका समस्यातर्फ पनि ध्यान दिनुपर्छ। प्रदूषण कम गर्न सहरमा इन्धनको सट्टा विद्युतको प्रयोग गर्न सकिन्छ ।

सहरमा स्वस्थ जीवनशैलीको विकल्प खोज्दा एक अर्को समस्या सामना गर्नुपर्छ–खानेकुरा । सहरी क्षेत्रमा ताजा र जैविक खानाको कमीले गर्दा प्रशोधित र प्याक गरिएको फुड प्रोडक्टले बजार लिएको छ । यस्ता खानाहरुमा चिनी, चिल्लो र रसायनको बढी प्रयोग हुन्छ, जसले स्वास्थ्यलाई नोक्सान पुऱ्याउँछ । त्यसैले गाउँका उत्पादनलाई सहरतिर ल्याउने वातावरण सरकारले बनाउनुपर्छ ।

*(स्रोतः रातोपाटी)*

# घिमिरेको श्रद्धाञ्जली सभा

समाज संवाददाता

हेटौंडाः युवा साहित्यकार प्रभास घिमिरेको श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। मंगलबार सर्जक सञ्जाल मकवानपुरले साहित्य संगम मकवानपुरको सभा कक्षमा श्रद्धाञ्जली सभाको आयोजना गरेको हो । श्रद्धाञ्जली सभामा उपस्थित साहित्यकार हरुले स्वर्गीय प्रभास घिमिरेको तस्वीरमा फुल चढाएर उनलाई सम्झिएका थिए भने उनको सम्झनामा मौन धारण समेत गरिएको थियो ।

कात्तिक २१ गते बुधबार भारतको लखनउमा सवारी दुर्घटनामा परेर घिमिरेको मृत्यु भएको थियो । नवसर्जक साहित्य चौतारीका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमले उहाँको बारेमा बताउनुभएको थियो । २०६० साल कात्तिक ३० गते जन्म भएको थियो । श्रद्धाञ्जली सभामा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देल लगायत साहित्य क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# शौचालयमा लडेर मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१४, प्रचण्डटोलमा शौचालयमा लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २३ वर्षीय पूर्ण बहादुर गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार राती १० बजेर ५५ मिनेटको समयमा गुरुङ आफ्नै घरको शौचालय अगाडि लडिरहेको अवस्थामा फेला परेका थिए । गुरुङलाई उपचारका लागि भरतपुर अस्पतालमा लगिएकोमा राती ११ बजेर १० मिनेटको समयमा डाक्टरले मृत घोषणा प्रहरी जानकारी दिएको छ।

## कर्मचारी आवश्यकता

**यस सहकारी संस्थाका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

तह : ४ (चौथो)
पद : कार्यालय सहायक
शैक्षिक योग्यता : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकार्य वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
आधारभूत तलब : रु. २१,२७५।००
भत्ता : रु. १,०००।०० + रु. ५००।०० एक जार शुरुबाट नै पाउने (बाँकी परीक्षण काल पछि)
अन्य सुविधा : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण काल पछि
परीक्षण काल : १ वर्ष
विशेष क्षमता : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power point मा राम्रो क्षमता भएको ।
पेश गर्न पर्ने कागजात : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाणपत्र
परीक्षाको किसिम : लिखित, मौखिक तथा प्रयोगात्मक
दरखास्त खुल्ला मिति : २०८१।०७।२८
दरखास्त अन्तिम मिति : २०८१।०८।१२ कार्यालय समय भित्र
लिखित परीक्षा : २०८१।०८।१४
मौखिक तथा प्रयोगात्मक : २०८१।०८।१५
नतिजा प्रकाशन : २०८१।०८।१६
परीक्षा दस्तुर : रु. १,०००।००

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
सम्पर्क नं. : ९८४५२८८३२४

## “शैक्षिक सुधारका लागि मकवानपुर प्रतिबद्धता-२०८१”
## “प्रविधिमैत्री गुणस्तरीय शिक्षाः हाम्रो प्रतिबद्धता”

मकवानपुर जिल्लामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षा प्रदान गरी जिल्लाको शैक्षिक सूचकांकमा वृद्धि गर्न एवम् संस्थाहरुको शैक्षिक सुशासन कायम राख्नको लागि मिति २०८१/०७/२८ गतेको सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुको संयुक्त बैठक/अन्तरक्रिया/छलफल कार्यक्रमबाट तपसिल बमोजिमको साझा प्रतिबद्धता जाहेर गर्ने सर्वसम्मत निर्णय गरीयो ।

**तपसिल**

(१) अनुमति प्राप्त सबै विद्यालयहरुले शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहसँग समन्वय गरी विद्यालयको तथ्याङ्क विवरण तोकिएको समय भित्र IEMIS Software मा Entry गरी अनिवार्य रुपमा बुझाउनु पर्ने । IEMIS विद्यालयको बजेटसँग सम्बन्धित भएकोले त्यसको सम्पूर्ण जवाफदेहीता प्रधानाध्यापक र विद्यालयको हुने ।

(२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रद्वारा तयार सिकाइ चौतारी (Learning portal) (Learning.cehrd.edu.np) को विद्यालय, शिक्षक र विद्यार्थीले प्रयोग गर्ने/गराउने ।

(३) सबै विद्यालयहरुले अनिवार्य रुपमा पाठ्यक्रम, विद्यालयमा सञ्चालित सबै कक्षाका सबै विषयका पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, ऐन, नियम, स्थानीय पाठ्यक्रम लगायतका सामग्री सहितको शिक्षक विद्यार्थीले सँगै बसेर समेत अध्ययन गर्न मिल्ने गरी फर्निचरसहितको पुस्तकालयको व्यवस्था गर्ने ।

(४) विद्यालयमा कम्पाउण्ड वाल/तारबार लगाउने, रङ्गरोगन गर्ने, कक्षाकोठा, शौचालय र विद्यालय परिसर समेतको सरसफाई गरी भएका शौचालयहरुलाई शिक्षक र छात्र एवम् महिला शिक्षक र छात्रा तथा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न सहज हुने गरी व्यवस्थापन गर्ने ।

(५) पठनपाठन प्रक्रियामा सूचना तथा संचार प्रविधि तथा डिजिटल शैक्षिक सामग्रीको प्रयोग अभिबृद्धि गर्ने । सो कार्यका लागि विद्यालयलाई प्रविधिमैत्री बनाउन विद्यालयमा कम्प्युटर, इन्टरनेट को व्यवस्था गर्ने । सबै विद्यालयले विद्यालयको (Website, E–mail ID खोल्ने । साथै प्रधानाध्यापक लगायत सबै शिक्षकहरुले E–mail ID खोल्ने र प्रयोगमा ल्याउने ।

(६) सिकाइका लागि मूल्याङ्कन भन्ने अवधारणा अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सुधारात्मक शिक्षणमा जोड दिने ।

(७) हरेक कक्षा एवम् तहमा ९० प्रतिशत भन्दा बढी विद्यार्थीले ग्रेड 'ए' वा सो भन्दा माथि उपलब्धि हासिल गराउने लक्ष्यका साथ सिकाइ उपलब्धि सुधार कार्ययोजनासहित सिकाइ सहजीकरण क्रियाकलाप संचालन गर्ने ।

(८) समस्यामा Action Research र नजानेको विषयमा Google Search गरी अध्ययन अध्यापनको वातावरण सिर्जना गर्ने ।

(९) राम्रो सिकाइका लागि राम्रो शिक्षण र राम्रो शिक्षणका लागि राम्रो विद्यालय भन्ने अवधारणा अनुकूल स्थानीय तहको समन्वयमा विद्यालयको गुणस्तर केन्द्रित विद्यालय सुधार योजना बनाउने र सबै शिक्षकले आवधिक शिक्षण तथा सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

(१०) प्रारम्भिक बालविकास कक्षाहरुमा खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, श्रव्य-दृश्य सामग्रीसहित अनिवार्य कार्पेट, कुसन सहितको व्यवस्था गरी आकर्षक र मनोरञ्जनयुक्त छुट्टै र राम्रो कक्षाकोठाको व्यवस्थापन गर्ने ।

(११) विद्यालयमा भएका सम्पूर्ण अभिलेखहरु व्यवस्थित एवम् सुरक्षित राख्ने (भर्ना रजिष्टर, परीक्षा सम्बन्धी अभिलेख, शिक्षकको बिदा अभिलेख, विद्यालयको आय व्ययको विवरण, शिक्षक व्यक्तिगत फाइल, चल-अचल सम्पत्तिको अभिलेख लगायत) ।

(१२) शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि गर्ने । यसका लागि “विद्यालयको रुपान्तरणका निम्ति उत्प्रेरित एवम् समर्पित शिक्षक” भन्ने नाराका साथ शिक्षकलाई पेशा प्रति समर्पित बनाउन विभिन्न सूचक बनाई शिक्षकको मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

(१३) विद्यालयको शिक्षण सिकाइ प्रक्रिया र कक्षा कोठाको व्यवस्थापनमा सुधार ल्याई बालमैत्री वातावरणमा भयरहित शिक्षण सिकाइ क्रियाकलाप संचालन गरी गुणस्तरीय शिक्षामा समतामूलक पहूँचको सुनिश्चितता गर्ने ।

(१४) नियमानुसार बिदा स्वीकृत गराएर मात्र शिक्षक बिदामा बस्ने व्यवस्था मिलाउने । शिक्षक बिदामा बस्दाका लागि वैकल्पिक समयतालिका बनाई कार्यान्वयन गर्ने ।

(१५) विगतका वर्षहरुमा निर्माण कार्यक्रम परी सम्पन्न भएका विद्यालयहरुले कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने/गराउने र कार्य सम्पन्न नभएका भौतिक निर्माणका कार्यक्रमहरु स्थानीय तहसँग समन्वय गरी कार्य सम्पन्न गरी बेरुजु फछ्र्यौट गर्ने ।

(१६) नियमित रुपमा शिक्षक-कर्मचारी बैठक, विषयगत शिक्षक बैठक बसी दिवाखाजा व्यवस्थापन, शिक्षण सिकाइ समयको अधिकतम उपयोग लगायत शैक्षिक सुधारका विषयमा छलफल र सम्भावनाहरुको खोजी गरी विद्यालयलाई उत्कृष्ट शैक्षिक थलोका रुपमा विकास गर्ने ।

(१७) विद्यार्थी ल्याऔं, टिकाऔं, सिकाऔं र विकाऔं अभियानलाई निरन्तरता दिने । विद्यालयमा भर्ना भएका विद्यार्थीलाई नियमितरुपमा विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने कार्यका लागि बालमैत्री कक्षा संचालन गर्ने, उनीहरुले प्राप्त गर्ने सेवा सुविधाहरुको (खाजा, छात्रवृत्ती लगायत) प्रभावकारी सदुपयोग गर्ने ।

(१८) विद्यार्थीको सहभागितामा विद्यालयको वातावरण हरियाली बनाउन वृक्षरोपण गर्ने, बगैचा निर्माण गर्ने र वातावरण संरक्षणका लागि हरियाली क्लब (इको क्लब) गठन गरी कार्यान्वयन गर्ने ।

(१९) विद्यालयमा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयमा नागरिक वडापत्र, गुनासो पेटिका, लैङ्गिक सम्पर्क विन्दु, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी आदिको व्यवस्था र विद्यालयको शैक्षिक एवम् आर्थिक गतिविधिको सार्वजनिकीकरण गर्ने ।

(२०) शैक्षिक सत्रको अन्त्यमा प्रत्येक शिक्षकलाई आफुले शिक्षण गरेको विषयको सिकाइ उपलब्धी (कार्य सम्पादन मूल्यांकनका लागि अनिवार्य चाहिने) एकीन गर्न लगाई त्यसैका आधारमा आगामी शैक्षिक सत्रका लागि शिक्षण सुधार योजना (त्क्ष्ए) सहितको लक्ष्य निर्धारण गर्न लगाउने र विद्यालयले विषयगत, कक्षागत र तहगत सिकाइ उपलब्धी र लक्ष्य प्रक्षेपण गरी शिक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।

(२१) विद्यालयका शैक्षिक, भौतिक, व्यवस्थापकीय र आर्थिक गतिविधि समेटेर प्रत्येक वर्ष तोकिएको समय भित्र सामाजिक परीक्षण गराउने । सामजिक परीक्षण गर्दा विद्यालय सामाजिक परीक्षण (क्यअर्ष्बा बगमष्त) मापदण्ड अनुसार सामाजिक गर्ने गराउने ।

(२२) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (www.moest.gov.np), सामाजिक विकास मन्त्रालय (mosd.bagamati.gov.np), शिक्षा तथा मानवस्रोत विकास केन्द्र (www.cehrd.gov.np), पाठ्यक्रम विकास केन्द्र (धधधFयभकअमअ.नयख.लउ), शिक्षक सेवा आयोग (www.tsc.gov.np), परीक्षा नियन्त्रण कार्यालय (www.see.gov.np), शिक्षा विकास निर्देशनालय (edd.bagamati.gov.np) र शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर (makwanpur.edcu.gov.np) इमेल (deomakwanpur57@gmail.com) र फेसवुक पेज (शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर) फेसबुक (edcu makawanpur) तथा शिक्षा विकास तथा समन्वय इकाई माध्यमिक विद्यालय प्रधानाध्यापक (For SEE) फेसबुक ग्रुपमा राखिएका सूचनाहरु नियमित रुपमा हेरी सो अनुसार गर्ने गराउने ।

(२३) सुधार जरुरी छ । सम्भव पनि छ । विद्यालयबाटै सुधारको थालनी गरौं । त्यसमा पनि आफ्नै विद्यालयबाट काम सुरु गरौं । आजैबाट सुरु गरौं । शिक्षककै अगुवाइमा रुपान्तरणको यात्रा सुरु गरौं । सकारात्मक सोचका साथ रचनात्मक कार्य गरौं ।

## कर्मचारी सञ्चय कोष शाखा कार्यालय, हेटौडाको सवारी साधनको लिलाम बिक्री सम्बन्धी

**सिलबन्दी बोलपत्र आह्वानको सूचना**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२९)*

हेटौडा उप-महानगरपालिका-४ स्थित कर्मचारी सञ्चय कोष शाखा कार्यालयमा रहेका २ थान दुई पाङग्रे सवारी साधन सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नृपर्ने भएकोले खरीद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कोषको शाखा कार्यालयबाट बोलपत्र खरिद गरि पेश गर्नहुन सूचीत गरिन्छ । साथै यो सूचनाको विस्तृत विवरण शाखा कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ र कोषको website: www.epf.org.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, हेटौडा
फोन नं. ०५७-५२४३७७

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# पूर्वविद्यार्थीद्वारा शैक्षिक भ्रमणका लागि सहयोग



*प्रधानाध्यापक श्रीराम दहाल (दायाँ) लाई सहयोग रकम हस्तान्तरण गर्नुहुँदै पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठ (बायाँ), साथमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवेक कार्की (बीचमा) ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थीले विद्यार्थीको शैक्षिक भ्रमणका लागि आर्थिक सहयोग गरेको छ । श्रमिक माध्यमिक विद्यालयमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीका लागि यसै साता पूर्वी नेपालको शैक्षिक भ्रमण कार्यक्रम रहेको छ । श्रमिक माध्यमिक विद्यालय पूर्वविद्यार्थी समाजको अग्रसरतामा पूर्वविद्यार्थीबाट १५ हजार पाँच सय रुपैयाँ संकलन गरेर बुधबार हस्तान्तरण गरिएको छ ।

श्रमिक माध्यमिक विद्यालय पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठले भ्रमण जाने विद्यार्थी र विद्यालय व्यवस्थापन समितका अध्यक्ष विवेक कार्कीको उपस्थितिमा विद्यालयका प्रधानाध्यापक श्रीराम दहाललाई सहयोग रकम हस्तान्तरण गर्नुभयो । आफ्नो समय शैक्षिक भ्रमण जाँदै गर्दा आर्थिक अभावलाई महसुस गर्दै हाल अध्ययनरत विद्यार्थीको भ्रमणलाई सहज र सफल बनाउन आवश्यक सहयोग गर्ने प्रयास गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभएको छ । विद्यार्थीले भ्रमण गर्ने स्थानको सामाजिक, साँस्कृतिक, भौतिक विकास र वस्तुस्थितिका बारेमा बुझेर यात्रा संस्मरण लेखनमा पनि ध्यान दिन उहाँले आग्रह गर्नुभयो ।

पूर्वविद्यार्थीको तर्फबाट विद्यालयको समग्र विकासमा गर्न सकिने सहयोगका लागि तयार रहेको श्रेष्ठले बताउनुभयो । पूर्वविद्यार्थीको तर्फबाट स्वतःस्फूर्तरुपमा भएको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुहुँदै प्रधानाध्यापक दहालले विद्यार्थीलाई सुरक्षित तवरबाट भ्रमणको व्यवस्था गरिने बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीले विद्यार्थीलाई विद्यालयको वातावरण र सुधार गर्नुपर्ने पक्षका विषयमा विद्यार्थीलाई आवश्यक सल्लाह, सुझाव दिन आग्रह गर्नुभएको छ । १० कक्षासम्म पठनपाठन हुने श्रमिक माध्यमिक विद्यालयमा ६५० जना विद्यार्थी अध्ययनरत छन् ।

## सहचालक विजयको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-९, पैरे चौउरमा आइचर गाडी आफै अनियन्त्रित भई सडकबाट खस्दा सहचालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ४३ वर्षीय विजय तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार सिन्धुपाल्चोकबाट भिमेश्वर नगरपालिका-९, चित्रेमा कुखुराको मल लिएर जाँदै गरेको बा ५ ख ५७३ नम्बरको आइचर गाडी अनियन्त्रित भई सडकबाट एक सय मिटर तल खसेको थियो । दुर्घटनामा चालक चित्रेका ३१ वर्षीय शंकर तामाङ र सह-चालक विजय दुबै जना बेहोस भएका थिए । सह-चालक विजयलाई होस आई उपचारका लागि च्छो-रोल्पा अस्पताल चरिकोट लगिएकोमा डाक्टरले बाटोमा नै मृत्यु भएको भनी घोषणा गरेको प्रहरीले जनाएको छ । चालक शंकरको अवस्था मध्यम रहेकोले प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ ।

●पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
●जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
●ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## दाजुभाइ स्वीट्स १५ वर्ष पूरा

# ९२ जनालाई रोजगारी



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, पारिजातपथस्थित दाजुभाइ स्वीट्स एण्ड फास्टफुड सञ्चालनको १५ वर्ष पूरा भएको छ । दाजुभाइले बुधबार १५ औं वार्षिकोत्सव मनाएको छ । दाजुभाइ हेटौंडाको लोकप्रिय शाकाहारी तथा मिठाईको रेष्टुरेन्ट हो ।

२०६६ सालमा दुनोट उत्पादन गरी पसल-पसलमा बिक्री गर्दै हिँड्नु भएका दीपक गौतमले अरु दुई दाजुभाइसँग मिलेर २०६७ सालमा दाजुभाइ स्वीट्स एण्ड फास्ट फुड सञ्चालन गर्नु भएको हो । राजकुमार, दीपक र नवराजले दाजुभाइलाई हेटौंडा बजारको चर्चित ब्राण्डको रुपमा विकास गर्दै गर्दा अहिले ९२ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

काभ्रे जिल्लाबाट २०६६ सालमा हेटौंडा आएर दुनोट हुँदै मिठाई र शाकाहारी रेष्टुरेन्ट सञ्चालन गरेसँगै गौतम दाजुभाइले राम्रो आम्दानी गर्नुका साथै रोजगारीको अवसर समेत सिर्जना गरेका छन् । दैनिक औसत ४ सय लिटर दुध खपत गरी मिठाई बनाउने गरेको दीपक बताउनुहुन्छ । "५ दाजुभाइमध्ये हामी ३ दाजुभाइ शाकाहारी खाजा र मिठाई रेष्टुरेन्टको रुपमा हेटौंडामा दाजुभाइ स्वीट्स सञ्चालन गरिरहेका छौं", दीपक गौतमले भन्नुभयो, "हामीले हाम्रा सेवाग्राहीलाई सन्तुष्ट गराउन सफल भएका छौं । हामी पनि आफ्नो व्यवसायबाट सन्तुष्ट छौं ।"

व्यवसाय सुरु गर्दै गर्दा क्कै मिहिनेत गर्नु परेको स्मरण गर्नुहुँदै दीपक भन्नुहुन्छ, "अहिले व्यवसायको दायरा फराकिलो भएको छ । सेवाग्राहीको विश्वासका कारण निक्कै मिहिनेत गर्नुपर्छ । मिहिनेतको फल पनि राम्रो पाएका छौं ।" मध्यम र निम्न आय भएका वर्गले पनि सहुलियत मूल्यमा खाजा खान पाउने व्यवस्था गरिएको र गुणस्तरीय मिठाई उत्पादन र विक्री गर्दै आएको दीपकको दावी छ ।

## चैनपूर जेसीीज खुला फुटबल प्रतियोगिता

# नमोबुद्ध एफसी र परेली एफसी क्लब सेमीफाइनलमा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी चैनपूर जेसीज खुला फुटबल प्रतियोगितामा नमोबुद्ध एफसी क्लब र परेली एफसी क्लब सेमीफाइनलमा प्रवेश गरेको छ ।

बुधबार मनहरी गाउँपालिकास्थित गोलघर खेल मैदानमा भएको पहिलो क्वार्टरफाइनल खेलमा ढँडो एफसीलाई २-१ गोलअन्तरले हराउँदै नमोबुद्ध एफसी सेमीफाइनलमा प्रवेश गरेको हो भने दोस्रो क्वार्टरफाइनल खेलमा जनसिद्ध युवा क्लबलाई २-० गोलअन्तरले हराउँदै परेली एफसी क्लब सेमीफाइनलमा प्रवेश गरेको हो ।

नमोबुद्धको जीतमा पहिलो हाफको ११ औं मिनेटमा गोल गर्दै आकाश रानाले अग्रता दिलाएका थिए । दोस्रो हाफको ४२ औं मिनेटमा स्यामुयल सुनारले गोल गर्दै जीत दिलाएका हुन् । यस्तै दोस्रो खेलमा एफसी ढँडोको अस्मित शेर्पाले ५५ औं मिनेटमा एक गोल मात्र फर्काउन सफल भएका थिए । यस्तै एफसी परेली र जनसिद्ध युवा क्लबबीचको खेलमा परेलीका प्रित स्याङ्तान र समिप ढकालले समान एक-एक गोल गरेका हुन् । म्यान अफ द म्याच नमोबुद्धका स्यामुयल सुनार र परेलीका सलिल ढकाल म्यान अफ द म्याच घोषित भए ।

प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसीर ३ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख ११ हजार रुपैयाँ १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५१ हजार १ सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । मनहरी गाउँपालिकाकोको सहयोगमा तथा ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा प्रतियोगिता सञ्चालन भइहरेको छ ।

# जेसीजद्वारा मन्दिर सरसफाई, शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा लेडीको जेसी सप्ताह २०२४ को दोस्रो दिन मन्दिर सर सफाई एवम् शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । बुधबार हेटौंडा-१० स्थित भुटनदेवी मन्दिर परिसरमा सरसफाई गरिएको जेसीआई हेटौंडा लेडीकी महासचिव इन्दिरा बानियाँले जानकारी दिनुभयो ।

भुटनदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठको प्रमुख आतिथ्यमा सरसफाई कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको संयोजन रन्जु पुडासैनीले गर्नुभएको महासचिव बानियाले बताउनुभयो । यस्तै कार्यक्रमको दोस्रो दिन हेटौंडा-९ स्थित त्रिवेणी आधारभूत विद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । कार्यक्रमको संयोजन दिप्ती अधिकारीले गर्नुभएको थियो । जेसीआई हेटौंडा लेडी २०२० की अध्यक्ष हाल प्रमुख बोर्ड सल्लाहकार सुशीला पौडेलद्वारा विद्यालयलाई २५ हजार बराबरको शैक्षिक सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

उहाँले अघिल्ला वर्षदेखि नै स्वर्गीय पिताको नामबाट शैक्षिक सामग्री हस्तान्तरण गर्दै आउनुभएको महासचिव बानियाले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरपालिका-९ का वडा अध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । शुक्रबार सम्पन्न हुने जेसीज सप्ताहमा बिहिबार बिहान हेटौंडा ४ स्थित हुप्रचौरमा बिस्तारै मोटरसाइकल चलाउने प्रतियोगिता हुँदैछ । यस्तै खुल्ला वक्तृत्व कला प्रतियोगिता र सम्मान तथा पुरस्कार वितरण कार्यक्रम हुनेछ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

### उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

### १६औं वार्षिक साधारणसभासम्बन्धी सूचना

उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारणसभा तपसील बमोजिम आयोजना गरिएको सम्पूर्ण सेयर सदस्य ज्यूहरुमा जानकारीका लागि अनुरोध छ । सम्पूर्ण सेयर सदस्यलाई विभिन्न माध्यमबाट सहभागिताका लागि सूचित गरिए पनि यदि कुनै कारणले जानकारी प्राप्त नभए यसै सूचनालाई आधार मानी सक्रिय सहभागी भइदिनुहुन अनुरोध गरिन्छ ।

**तपसील**

मितिः २०८१ मंसिर १ गते शनिबार ।
समयः बिहान ११:०० बजे
स्थानः नवलपुर पार्टी प्यालेस
हेटौंडा-११, नवलपुर

**अध्यक्ष**
**उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-११, नवलपुर**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ